## गाउँपालिका अध्यक्षबाट सम्बोधन भएका आ.व.२०८०/०८१ का गाउँपालिकाका नीतिहरु

### क) पूर्वाधार एवम शहरी विकास सम्बन्धी नीति:

१. जहदा गाउँपालिका वडा नं. ५ स्थित प्रशासनिक भवन छेउको लक्ष्मनिया चौकको सौन्दर्यकरण गर्नका लागि विस्तृत परियोजना प्रतिवेदन तयार गरी योजना संचालन गर्ने ।

२. *समृद्ध जहदाको आधार: "शिक्षा, स्वास्थ्य, कृषि, रोजगारी र दिगो पूर्वाधार"* भन्ने नारालाई निरन्तरता दिई सोही क्षेत्रसंग सम्बन्धित कार्यमा प्रदेश तथा संघिय सरकारसँग समन्वय गरी विकासको गतिविधिलाई दिगो बनाउदै लगिनेछ ।

३. गाउंपालिका क्षेत्रको जग्गा जमिनको उचित उपयोग गर्ने कार्यको लागि भूमि प्रयोग सम्बन्धी ऐन, नियमावली कार्यान्वयन गर्ने प्रकृया अघि बढाइनेछ ।

४. गाउँपालिकाको विकास निर्माण तथा पूर्वाधारको कार्यगर्दा प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली र आर्थिक कानूनको परिपालनमा जोड दिईनेछ ।

५. गाउँपालिका क्षेत्रमा संचालन हुने प्रत्येक आयोजनामा गुणस्तर नियन्त्रणमा समेत ध्यान दिई योजनाको सामाग्री, ल्याब टेस्ट गर्न प्रदेश स्थित निकायहरुसंग सहकार्य गरी प्रतिवेदन प्रकृयालाई छिटो छरितो बनाउदै लगिनेछ ।

६. निर्माणधिन गाउँपालिकाको १५ बेडको आधारभूत अस्पताल र प्रमुख प्रशासकीय भवन निर्माणलाई निरन्तरता दिइनेछ । साथै सोको लागि श्रोत व्यवस्थापन गर्दै लगिनेछ ।

७. गाउंपालिका र वडास्तरबाट संचालित हुने योजनामा दिगो पूर्वाधार एवं सडकमा कालोपत्रे सडक निर्माणलाई प्राथमिकतामा राखि योजना निर्माण गरिनेछ ।

८. गाउंपालिकाबाट योजना निर्माण गर्दा आवश्यकता र नागरिकको मागमा आधारीत योजनाहरुलाई प्राथमिकतामा राखि बजेटमा समावेश गर्दे लगिनेछ ।

९. गाउँपालिका भित्र विभिन्न वडाहरु जोडने लोहोन्द्रा खोलामा झोलुंगे पुल निर्माणाका लागि सम्बन्धित निकायमा माग गरी प्रक्रिया अगाडि बढाउने ।

१०. गाउंपालिका भित्र विस्तृत योजना प्रतिवेदन तयार भएका योजनाहरुलाई प्रदेश र संघीय सरकारका निकायमा पेश गरी समपुरक कोष मार्फत ठूला पूर्वाधार तयार गर्ने नीति अवलम्बन गरिनेछ ।

### ख) शिक्षा तथा खेलकुद सम्बन्धी नीति:

१. गाउँ क्षेत्रको गुणस्तरीय, बैज्ञानीक, शिपमूलक, रोजगारमूलक, शिक्षा प्रवर्द्धन गर्नका लागि विद्यालय छनौट प्रकृयालाई अघि बढाईनेछ ।

२. गाउँपालिका क्षेत्रमा एक राष्ट्रिय स्तरको खेल मैदानका लागि वडा नं. ४ को ऐलानी सरकारी जग्गामा तयार गरिएको विस्तृत योजना प्रतिवेदन आधारमा प्रदेश सरकार र संघीय सरकारसंग समपुरकमा बहुउपयोगि खेलकुद मैदानको विकास कार्य अघि बबढाईनेछ ।

३. अति विपन्न, दलित, अभिभावक गुमाएका, बेपत्ता तथा सहीद परिवारका बालबालिकाहरूलाई विद्यालय भर्नाका लागि निशुल्क शिक्षा तथा सहुलियत सामाग्रिको व्यवस्था मिलाईने छ । उच्च शिक्षा हासिल गर्ने दलित विद्यार्थीहरुलाई उच्च शिक्षा अध्ययनका लागि सहयोग गरिनेछ ।

४. सार्वजनिक विधालयहरूको स्तर बृद्धि गर्नका लागि पहिलो उत्कृष्ट विद्यालय, उत्कृष्ट शिक्षा पुरस्कारको लागि सुचक तयार गरि कार्यान्वयनमा ल्याईनेछ ।

५. बालविकास केन्द्रका शिक्षक तथा कर्मचारीहरुको मनोबल बढाउन संघीय सरकारले तोकेको मासिक पारिश्रमिक प्रतिमहिना उपलब्ध गराईनेछ ।

६. शिक्षाको गुणास्तरलाई अभिबृद्धि गर्न गाउँ शिक्षा गुरुयोजना निर्माण गरीनेछ ।

७. विद्यालयस्तरमा स्काउट गतिविधि संचालन गरी आत्मासुरक्षा र अनुशासनलाई बढावा दिईनेछ ।

८. गाँउपालिकाभरी सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरुको अनुगमन निरिक्षण गरी त्यहाँ रहेका भौतिक पूर्वाधारहरु जस्तै, भवन कक्षाकोठा, शौचालय, पुस्तकालय, पिउने पानी, डेस्क, बेञ्च, शिक्षक दरबन्दी, विज्ञान प्रयोगशालाको अवस्थाबारे वस्तुगत विवरण सङ्कलन गरिनेछ ।

सबैका लागि आधारभूत शिक्षा सुनिश्चितता गर्न स्थानीय नीति तथा कानुन [illegible]ण गरी कार्यान्वयन गरिनेछ ।

१०. शिक्षक तथा बालविकास शिक्षकको दरबन्दी मिलान गरी विद्यार्थी संख्याका आधारमा शिक्षक व्यवस्थापन तथा विद्यार्थी संख्याका आधारमा निर्धारित मापदण्ड भन्दा कम विद्यार्थी सङ्ख्या भएका विद्यालयहरुलाई अर्को विद्यालयमा विद्यालय समायोजन तथा तह समायोजन सम्बन्धमा अध्ययन गरि कार्यान्वयन गरिनेछ।

११. प्राविधिक शिक्षामा पहुच नभएका एस ई ई उत्तीर्ण यस गाउँपालिका भित्रका गरिव जेहेन्दार पिछडिएका तथा सिमान्तकृत समुदायका विद्यार्थीहरुलाई शैलजा आचार्य पोलिटेक्निकमा प्राविधिक शिक्षा अध्ययनका लागि छात्रवृत्ति ब्यवस्थापन गरिनेछ ।

१२. स्थानीय आवश्यकता अनुरुप पाठ्यक्रम निर्माण गरि लागू गरिनेछ ।

१३. विद्यालयमा अध्ययनरत विद्यार्थी, शिक्षक तथा अभिभावकहरुसँग अन्तरक्रिया गरी शैक्षिक सुधारका लागि गाँउपालिका प्रमुखसँग साक्षात्कार कार्यक्रम सञ्चालन गरिनेछ ।

१४. विद्यालयहरुमा ई हाजिरी जडान कार्यलाई विस्तार गरिनेछ ।

१५. शिक्षकहरुको विषयगत समितिलाई सिकाई थलोको रुपमा विकास गरिनेछ ।प्रत्येक वडामा भएको १ वटा माध्यमिक विद्यालयलाई फिडर विद्यालय रुपमा कायम गरि अन्य विद्यालहरुसँग सहकार्य र समन्वय गरी शैक्षिक गुणस्तर अभिबृद्दि गर्ने कार्यलाई प्राथमिकता दिईनेछ ।

१६. एक विद्यालय एक फूलावारी भन्ने नाराका साथ सबै विद्यालयहरुमा स्वच्छ हरियाली वातावरण बनाई सफा विद्यालय बनाउन हाम्रो विद्यालय राम्रो विद्यालयको अवधारणालाई साकार बनाउन सबै विद्यालयहरुसँग समन्वय तथा सहकार्य गरिनेछ ।

१७. खेलकुद क्षेत्र विकासका लागि विद्यालय तह देखि नै खेलकुद कार्यक्रमलाई बढवा दिन अन्तरविद्यालय खेलकुद प्रतियोगिता संचालन गरिनेछ ।

<u>ग. स्वास्थ्य, खानेपानी तथा सरसफाई सम्बन्धी नीतिः</u>

१. संक्रामक रोग रोकथाम तथा नियन्त्रणाको लागि खोप उपलब्धतालाई सबैको पहुँचयोग्य बनाउन संघीय सरकारको सहकार्यमा पुर्णाखोप अभियान संचालनमा ल्याईनेछ ।

२. आगामी आ.व देखि २ वटा स्वास्थ्य संस्थामा बर्थिंग सेन्टर संचालन गर्ने गरी पूर्वाधार र जनशक्ति व्यवस्थापन गरिनेछ ।

३. पाठेघर उपचार प्रतिव्यक्ति रु पांचहजार तथा मोतियाविन्दु उपचार पश्चातको प्रतिव्यक्ति रु. दुईहजार अनुदान सहयोग कार्यक्रमलाई निरन्तरता दिदै लगिनेछ ।

४. बुधनगर बर्थिंग सेन्टरमा ल्याबको गुणास्तर एवं क्षमता अझै वृद्धि गर्दै विभिन्न रोगहरुको थप परीक्षणा गर्न सक्ने गरी व्यवस्थित गर्दै लगिनेछ ।

५. गाउंपालिकाको मझारे स्वास्थ्य चौकीमा भिजिटिङ्ग डाक्टरको माध्यमबाट हप्ताको ४ पटक स्वास्थ्य जाँचसेवा गरिने कार्यलाई निरन्तरता दिइनेछ ।

६. स्वास्थ्य चौकीहरुको सानातिना पूर्वाधारको मर्मत गर्दै आधारभूत सुविधा उपलब्धताको लागि आवश्यक श्रोत साधनको उपलब्धता गराईने नीति अवलम्बन गरिनेछ ।

७. अपाङ्गता भएका नागरिकको स्वास्थ्य सुरक्षाको लागि साझेदारी कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

८. मेरो संस्था मेरो गौरव कार्यक्रमको माध्यमबाट स्वास्थ्यचौकीहरुको सेवाप्रवाह गुणस्तर, सरसफाई तथा कार्यालयमा वृक्षारोपण कार्यक्रमका आधारमा पुरस्कृत समेत गर्ने नीति लिईनेछ ।

९. खानेपानीका मूहान तथा श्रोतहरुको संरक्षणाको लागि वृक्षारोपणालाई अघि बढाईनेछ ।

१०. मूख्य बजारहरुमा सरसफाई तथा डिसईन्फेक्सन अभियानमा स्थानीय संघसंस्था, क्लव तथा नागरिकको समन्वयमा सरसफाई संचालन गरिनेछ ।

११. गाउँपालिकको आवश्यकताको आधारमा लामखुट्टे, झिंगा नियन्त्रणाको लागि वडाको सहकार्यमा विपद कोष मार्फत औषधि छर्कने प्रवन्ध गरिने छ ।

१२. गाउँपालिकाको मूख्य चौक बजार तथा हाटबजारहरुमा फोहोरमैला व्यवस्थापनका लागि सामाग्री तथा सचेतना कार्यक्रमलाई प्रभावकारीता बनाउदै नागरिक मैत्री बनाउदै लगिनेछ ।

१३. जनताको असल स्वास्थ्यको लागि स्वच्छ तथा सफा खानेपानी सुविधाको प्रवन्ध गर्ने नीति अवलम्बन गरीनेछ ।

१४. संघिय सरकार र प्रदेश सरकारको सहयोगमा संचालन रहेको नागरिक आरोग्य सेवा केन्द्र निरन्तर रुपमा संचालन गरीनेछ ।

१५. पोषणमैत्री कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरीनेछ ।

**घ) पर्यटन पूर्वाधार सम्बन्धी नीतिः**

१. जहदा गाउँपालिका भित्र धार्मिक, सांस्कृतिक, कृषि पर्यटन प्रवर्द्धनको नीतिलाई अवलम्बन गरीदै लगिनेछ।

२. यस गाउँपालिका भित्र रहेका संथाल जातीहरुको धर्म, संस्कृति, रितिरिवाज, भेषभुषाको संरक्षण र प्रवर्द्धन गर्दै संथाल जातीको उत्थान र विकासको माध्यमबाट सांस्कृतिक पर्यटनलाई प्रवर्द्धन गरिनेछ ।

३. धार्मिक, सांस्कृतिक, कृषि पर्यटन प्रवर्द्धनका लागि भौतिक पूर्वाधारहरुको निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

**ङ) कर्मचारी प्रशासन तथा जनशक्ति व्यवस्थापन सम्बन्धी नीतिः**

१. सार्वजनिक सेवा प्रवाहमा नविनतम सोंच तथा क्षमता विकासको माध्यमबाट नागरिक सन्तुष्टि वृद्धि गरिनेछ। साथै गाउँपालिकाको सार्वजनिक सेवा प्रवाहलाई सेवाग्राही तथा प्रविधिमैत्री बनाउदै लगिनेछ ।

२. कर्मचारीलाई समय सापेक्ष प्रविधि मैत्री बनाउनका लागि क्षमता विकास तालिम प्रदान गरिने छ ।

३. प्रत्येक आ.व. मा गाउँपालिका भित्रका उत्कृष्ट कर्मचारी छनौट गरी पुरस्कृत गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

४. कर्मचारीहरुलाई समय सापेक्ष तालिम मार्फत दक्षता अभिवृद्धिमा जोड दिईनेछ ।

५. संगठन तथा व्यवस्थापनका आधारमा दरवन्दीका कर्मचारीको पूर्ति गर्न पहल गरिनेछ

## च) बित्तिय व्यवस्थापनश्रोत परिचालन र आर्थिक विकास सम्बन्धी नीतिः

१. कर परिचालन क्षमताका दायरा बढाउन राजश्व सम्भावयता अध्ययनवाट प्राप्त सुझावहरुलाई कार्यान्वयनमा जोड दिई आन्तरिक परिचालन क्षमतामा वृद्धि गर्दै लगिनेछ ।

२. गाउँपालिका भित्र रहेका करका श्रोतहरुः सम्पत्ती कर, ठेक्का कर, हाटवजार कर ,व्यवसाय कर, घर नक्सा पास दस्तुर आदि व्यवस्थापन गरी करको दायरा र संकलनमा वृद्धि गर्न पहल गरिनेछ ।

३. कृषि पर्यटन (Agro-Tourism) को संम्भाव्यतालाई ध्यानमा राखि पकेट क्षेत्रहरुमा नमुना एवं आर्गनकि खेती मार्फत आन्तरिक पर्यटन प्रवर्द्धनमा जोड दिईनेछ ।

४. अति विपन्न दलित, गरिब परिवारको यर्थातपरक विवरणाका आधारमा संघीय सरकारको सामाजिक सुरक्षा विमा कार्यक्रममा समावेश गर्न अनुदान मार्फत क्रमैसंग प्रोत्साहित गर्दै लगिनेछ ।

५. गाउँपालिकामा लघु, घरेलु तथा साना उद्योग संचालन गर्न यूवा वर्गलाई प्रविधि हस्तान्तरण एवं प्रोत्साहन तथा अनुदान सुविधा उपलब्ध गराईनेछ ।

६. गाउँपालिका स्तरका कृषि सहकारी संस्थाहरुको स्तरोन्नती तथा संचालन सुधारका लागि तालिम तथा साझेदारीमुलक कार्यक्रम संचालन गरिनेछ ।

७. ऐलानी संरक्षित जग्गामा पर्यटन प्रर्वद्धनका लागि आवश्यक समन्वय गरिनेछ ।

८. गाउँपालिकाको वजेट तथा योजनालाइ मध्यकालिन खर्च संरचनासँग आवद्ध गर्दे लगिनेछ ।

९. जहदा गाउँपालिका भित्र रहेका विषयगत सहकारीहरुको एकिकरण गर्ने तथा निष्कृय सहकारीहरुको पहिचान गरी खारेजीको प्रकृया अगाडी बढाइनेछ ।

## छ) कृषि तथा भू-उपयोग सम्बन्धी नीतिः

१. कृषि कर्जा सरल बनाई सहुलियत व्याजदरमा कृषि ऋणको व्यवस्था मिलाउन गाउँ क्षेत्र भित्र रहेका बैंक, वित्तियसंस्था तथा सहकारीहरूसंग आवश्यक पहल र समन्वय गरिने छ।कृषिमा स्नातक गरेका युवाहरुलाई कृषि व्यवसायमा आवद्धता हुन प्रोत्साहित गरीने नीति अवलम्बन गरिनेछ ।

२. व्यवसायिक कृषि खेति गर्ने कृपकहरूको उत्पादनलाई संरक्षण र बजारीकरण गर्नका लागि गाउंपालिकाले प्राविधिक सहायोग समेत उपलब्ध गराउनेछ ।

३. माछापालन, उन्नत जातका वाख्रापालन, कांक्राखेती तथा च्याउखेती जस्ता तरकारीपकेट क्षेत्रलाई विशेष प्राविधिक सहयोग तथा बजार सुविधा उपलब्ध गराउन प्रोत्साहनमुलक अनुदान कार्यक्रम संचालन गरिनेछ।

४. धान, मकै जस्ता कृषि वालीको उत्पादनलाई प्रोत्साहन गर्न सहकारी संस्था तथा समूहकृत संस्थासंग साझेदारीमा कृषकलाई राहत सुविधा उपलब्ध गराउने नीति अबलम्बन गरिनेछ ।

५. कृषि उत्पादनलाई सुरक्षित राख्नका लागि कृषि शित भणडार (COLD STORE) निर्माणका लागि प्रदेश सरकार, संघीय सरकार, सहकारी तथा नीजि क्षेत्रसंग सहकार्य गरिनेछ ।

६. किसानहरूको लागि विउ, बिजन, मलखाद एवं अन्य कृषि सामाग्रीहरूको समय मै उपलब्ध हुने वातावरण मिलाउन कृषि सहकारी संस्थाहरुको क्षमता विकास गरीनेछ ।

७. ए.आई, नक्ष्ल सुधार तथा पशु विकास कार्यक्रमलाई सबै वडाहरुमा प्रभावकारी रुपमा कार्यान्वयन गर्ने नीति अवलम्बन गरिने छ ।

८. पशुपन्छीजन्य रोगहरुको रोकथाम, पशुजन्य उत्पादनको संरक्षणा तथा पशुपालन जनचेतना कार्यक्रमलाई संचालन गर्ने नीति लिईनेछ।

९. गाउँ क्षेत्रका खेतियोग्य जमिनमा सहज सिचाई सुविधा पुरयाउनका लागि सिचाईको लागि विद्युत जडान कार्यलाई विस्तार गरीनेछ ।

१०. पशुपालन व्यवसाय मार्फत कृषकहरुको जिवनस्तर सुधारका लागि पशुविकास सम्बन्धी नीतिहरु निर्माण गर्दै लगिनेछ ।

११. जहदा गा.पा.लाई च्याउ र कांक्रामा आत्मनिर्भर बनाइनेछ ।

१२. कृषिलाई व्यवसायीकरण गर्न आधुनिक कृषि प्रणालीलाई संचालन तथा प्रोत्साहन गरीनेछ ।

१३. जहदा गाउँपालिका भित्रका कृषकहरुको तथ्यांक अभिलेखका लागि संघिय सरकारको नीति अनुसार कृषकहरुको सूचिकृत कार्यलाई निरन्तरता गरीनेछ ।

**ज) सामाजिक विकास सम्बन्धी नीतिः**

१. लैगिक हिंसा, वाल बिवाह, बहुविवाह, अनमेल विवाह, लागूपदार्थ दुर्व्यसन, दहेज प्रथा छुवाछुत जस्ता कुरीतिहरूलाई अन्त्य गर्नका लागि आवश्यक पहल गरिने छ ।

२. एकल महिला समूहलाई आत्मनिर्भर उन्मुख व्यवसाय संचालन गर्न विउंपुजी अनुदान रकमको माध्यमबाट प्रोत्साहन गरिदै लगिनेछ ।

३. महिला स्वास्थ्य स्वयसेवीकाको अवकास प्रणालीलाई व्यवस्थित अवकास कोष मार्फत राहत उपलब्ध गराईनेछ ।

४. महिला सहकारी संस्थाहरुको स्तरोन्नती गर्दै बचत परिचालनमा वृद्धि गर्न प्रोत्साहन गरिनेछ ।

५. गाउँपालिका भित्रका दलित जाति जिवनस्तरमा वृद्धि हुने गरी स्वरोजगारमुलक कार्यत्रम संचालन गरिनेछ।

६. गाउँपालिका भित्रका विपन्न समूहलाई लघु व्यवसाय संचालन गर्न प्रविधि हस्तान्तरणा तथा सीप प्रदान गरिनेछ ।

७. जेष्ठ नागरिकहरू को लागि दिवा सेवा केन्द्र यथाशिघ्र निर्माण थालनी गरिनेछ ।

८. यस गाउंपालिकाभित्र अपांगता भएका नागरिकहरूको जिवनस्तर सुधार गर्न आवश्यक तालिम तथा प्रविधि एवं सामाग्री हस्तान्तरणको पहल गरिनेछ ।

९. आदिवासी जनजातीको परम्परा देखि चलि आएको ज्ञान, शिप, कला, संस्कृतिको संरक्षण र सम्वर्द्धन गरिनेछ।

१०. यस गाउँपालिकालाई बालमैत्री गाउँको रुपमा घोषणा गर्नको लागि गाउँ स्तरीय कार्यक्रम बनाई कार्यान्वयन गरिने छ ।

११. बालबालिकाको सहभागितालाई सुनिश्चित गर्न गाउंपालिकामा बालकोषको स्थापना गरिनेछ ।

१२. महिला सुत्केरी भई लगातार २ छोरी जन्म भएमा सुत्केरी स्याहार प्रोत्साहन रकम उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।

१३. गाउँपालिका भित्र विभिन्न संघ संस्थाहरुले संचालन गरीने शिपमुलक तालिम, तथा कार्यक्रमहरु कार्यपालिकाबाट स्वीकृत गराई गाउंपालिकाको समन्वयमा संचालन गरीने नीति अवलम्वन गरीनेछ ।

१४. गाउँपालिका भित्र शिपमुलक तालिम लिएका व्यक्तिहरुको अभिलेख तयार गरी सोही अनुसारको व्यवसाय संचालन गर्न उत्प्रेरित गरिनेछ ।

१५. अपाङ्ग नागरिकहरुको संरक्षण र विकासका लागि आवश्यक कार्यहरु संचालन गरीनेछ ।

झ) विपद् व्यवस्थापन नीतिः

१. विपद् पूर्व तयारी योजना र विपद प्रतिकार्य योजना अनुरुप कोष स्थापना गरिनेछ ।
२. मौसमी रोग नियन्त्रणा, रोकथाम तथा व्यवस्थापनको लागि विपद कोषलाई प्रभावकारी बनाईनेछ ।
३. प्रकोप व्यवस्थापन कोषलाई विपद कार्यविधि अनुसार प्रभावकारी कार्यान्वयन गरिनेछ ।
४. आगलागी तथा बाढी पहिरो विषयमा चेतना अभिवृद्धि अभिमुखीकरण गराईने छ ।
५. जुनसुकै प्रकारका विपदको रोकथाम, उपचार र प्रवर्द्धनमा रेडक्रस तथा नीजि क्षेत्रसंगको सहकार्यमा थप कार्यक्रम संचालन गर्ने नीति अवलम्बन गरिनेछ ।
६. रेडक्रस सँगको सहकार्यमा विपद पूर्व सूचना प्रणालीको स्थापना गरिनेछ ।

ञ) वातावरण सम्बन्धी नीतिः

१. यस गाउँपालिकालाई वातावरणमैत्री गाउँपालिका बनाउन निजी क्षेत्रको सहकार्यमा फोहोरमैला व्यवस्थापन तथा सचेतनामुलक अभियान संचालन गरिनेछ ।
२. खुल्ला क्षेत्र, सार्वजनिक,ऐलानी जग्गा संरक्षणामा वडासमितिलाई त्रियाशिल गराईनेछ ।
३. जलवायु अनुकुलन खेती प्रणालीको विकासका लागि प्राविधिक सहयोग र सहजिकरणा गरिने छ ।
४. खोला किनार तथा भुक्षय हुने क्षेत्रमा वृक्षारोपणा गर्ने कार्य अघि बढाईनेछ ।
५. कृषिवालीमा किटनासक औषधिको प्रयोगलाई नियन्त्रणा र व्यवस्थापन गर्दै जैविक विषादी उत्पादन र विकासका लागि विशेष पहल गरिने छ ।

ट) विविधः

१. गाउँपालिका भित्र उपयुक्त स्थानमा आर्य घाटहरुको निर्माण गर्दै लगिनेछ ।अन्य आर्य घाटहरुको स्तरोन्नती गर्दै लगिने छ ।
२. गाउँपालिकाबाट प्रत्येक वडामा विपन्न तथा गरिव वर्गका व्यक्तिहरुको निशुल्क स्वास्थ्य वीमा कार्यत्रमलाई निरन्तरता दिइनेछ ।
३. गाउँपालिकाले छिमेकी पालिकाहरुसँग मैत्री सम्बन्ध राख्दै साझेदारीमा संचालन गर्नसकिने दमकल संचालन, फोहोरमैला व्यवस्थापन जस्ता योजना तथा कार्यक्रमको लागि सहकार्य, समन्वय र साझेदारी गरिनेछ ।
४. गाउँपालिकास्तरमा एक आयोजना वैक स्थापना गरिनेछ ।सो आयोजना वैकमा वडास्तरबाट प्राप्त महत्वपूर्णा योजना तथा गौरवका योजनालाई प्राथमिकीकरणा गरी आगामी दिनमा आउने अनुदान रकमलाई सोही बैकमा रहेको आयोजनामा लगानी प्राथमिकता दिने नीति अवलम्बन रिनेछ ।
५. गाउँपालिकालाई तिर्नु र बुझाउनु पर्ने कर तथा राजश्व समय मै बुझाउने नागरिकलाई धन्यवाद तथा सम्मानको कार्यक्रम गरिनेछ । र सवैभन्दा बढी कर उठाउने वडाहरुलाई पुरस्कृत गर्ने नीति लिईनेछ ।
६. भूमिहिन सुकुम्वासी, भूमिहिन दलित, अव्यवस्थित बसोवासीलाई भूमिको स्वामित्व उपलब्ध गराउनका लागि राष्ट्रिय भूमि आयोगको सहकार्यमा कार्यक्रम संचालन गरीने नीति अवलम्बन गरिनेछ ।
७. मध्यमकालिन खर्च संरचना (MTEF) तर्जुमा गरी कार्यान्वयन गरीनेछ ।
८. सार्वजनिक खरिद ऐन निर्माण गरी कार्यान्वयनमा ल्याइने छ ।

ञ) सुशासन तथा सेवा प्रवाह सम्बन्धी नीतिः

१. अपाङ्ग तथा ज्येष्ठ नागरीक मैत्री सेवा प्रवाहलाई प्राथमिकता साथ संचालन गर्ने नीति अवलम्बन गरीनेछ।
२. नागरीकहरुको गुनासो सुनवाईलाई थप प्रभावकारी बनाउदै लगिनेछ ।
३. सूचनाको हकको सुनिश्चितताको लागि कार्यालयले सम्पादन गरेको कार्यहरुको स्वतः प्रकाशन गर्ने कार्यलाई नियमितता दिइनेछ ।
४. जनतासँग सरकारको साक्षात्क्षरका लागि सार्वजनिक सुनुवाई कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
५. भ्रष्टाचार शून्य सहनशिलताको नीतिलाई प्रभावकारी रुपमा लागु गरिनेछ ।